सूक्ष्म — ५२१

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५८६/२०७२/०७३

निर्णय नं.५२१

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..................................२ पुनरावेदक

विरूद्ध

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बु ....१ विपक्षी

सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बु ....................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बु समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०८।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बुका स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख) र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. त्यस जिल्लाका संविधानसभा तथा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने माननीय सभासद्ज्यूहरूले गत आर्थिक वर्ष २०७१/७२ का लागि निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्राप्त गर्नुभएको रु. १५ लाखको बजेट कसरी बिनियोजन भयो ? सो रकम बिनियोजन गर्ने सम्बन्धी निर्णय प्रक्रियामा को को सहभागी ए वा कुन प्रतिनिधि मार्फत यस्तो बिनियोजन सम्बन्धी निर्णय भयो ? बिनियोजन गर्ने सो निर्णय सम्बन्धी कागजात तथा हरेक सभासद्ले प्राप्त गरेको बजेटको कार्यक्रमगत बिनियोजनको बेग्लाबेग्लै विवरण ।

२. गत आर्थिक वर्षका लागि हरेक निर्वाचन क्षेत्रमा माननीय सभासद्ज्यूहरुको सिफरिसमा कार्यान्वयन हुने गरी पुर्वाधार बिकासका लागि विनियोजित रु. १ करोडको बजेटको विनियोजन सन्दर्भमा योजना छनोट र कार्यान्वयनका लागि यस जिल्लाका कुन कुन निर्वाचन क्षेत्रमा कहिले-कहिले कस-कसको उपस्थितिमा बैठक सम्पन्न भयो ? सो सम्बन्धी जानकारी विवरण, बैठकको माईन्यूटको प्रमाणित प्रतिलिपि एवं सो कार्यक्रम अन्तर्गत निर्वाचन क्षेत्रगत आधारमा छनोट गरिएको कार्यक्रम र विनियोजित बजेट रकमको बेग्लाबेग्लै विवरणको प्रमाणित प्रतिलिपि ।

३. निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा निर्वाचन क्षेत्रको माननीय सभासदहरुको सिफरिसमा सञ्चालन हुने योजनाहरु कुन कुन स्थानीय निकायको परिषद्बाट पारित गरी प्रस्तावित गरिएका थिए ? सोको जानकारी खुल्ने विवरणको सूची सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि ।

४. निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा निर्वाचन क्षेत्रको माननीय सभासदहरुको सिफरिसमा सञ्चालन हुने योजनाहरु कस कसले सञ्चालन गरेका थिए ? कार्यक्रम सञ्चालनको लागि गरिएको सम्झौता पत्र र कार्यक्रम सम्पन्न भएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल माघ ३ गते रोज १ शुभम् ।